सिमकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट, हुम्ला ।

कर्णाली प्रदेश, नेपाल

प.स.-०८३/०८४ (प्रशासन योजना तथा अनुगमन शाखा)

च.न.

मितिः २०८३/०५/०२

ने.स. ११४६

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना !

यस गाउँपालिका अन्तर्गत सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (SUSWA) आयोजनाको वास इकाईका कर्मचारी भर्ना तथा परिचालन कार्यविधि २०२२ अनुसार हाल रिक्त रहेको वास संयोजकको भर्ना प्रकृयाका लागि मिति २०८३।०३।१८ मा कर्मचारी आवश्यकता सम्बन्धि १५ दिने सूचना प्रकाशित भई भर्ना प्रकृया संचालन हुँदा विशेष कारण मिति २०८३।०४।२२ गते बसेको वास व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार सो पदको पदपूर्ती स्थगित गरिएकोमा हाललाई पदपूर्तिका लागि सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता आयोजना (सुस्वा), आयोजना सहयोग इकाईको प. सं ०८३।०८४ च. नं ११ मिति २०८३।०५।०२ को पत्र अनुसार पुनः सूचना प्रकाशन गरि भर्ना प्रकृया अगाढि बढाउने भनि वास व्यवस्थापन समितिको मिति २०८३/०५/०२ गते बसेको बैठकबाट निर्णय अनुसार यो दरखास्त आव्हान गरिएको छ । तोकिएको न्यूनतम योग्यता पुगेका र २१ वर्ष पुरा गरेका नेपाली नागरिक उम्मेदवारहरूले गाउँपालिकाको कार्यालयबाट उपलब्ध हुने निर्धारित दरखास्त फारम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा दरखास्त पेश गर्न हुन सूचित गरिन्छ ।

वर्ष बहादुर फडेरा कार्की
नि. प्रमुख प्रशासकीय अधिकृत

| क सं | विज्ञापन नं | पद | पद संख्या |
|---|---|---|---|
| १ | SUSWA-४-२०८३/०८४ | खानेपानी सरसफाइ तथा स्वच्छता (वास) संयोजक (WASH Coordinator) | १ |

सिमकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला ।
कर्णाली प्रदेश, नेपाल

प.स.-०८३/०८४ (प्रशासन योजना तथा अनुगमन शाखा)

आवश्यक न्यूनतम शैक्षिक योग्यता र पेशागत अनुभवः

क) शैक्षिक योग्यताः

- ग्रामीण विकास, सिभिल इन्जिनियरिङ, समाजशास्त्र, व्यवस्थापन वा अन्य सम्बन्धित बिषयमा कम्तिमा स्नातक तह उतीर्ण

ख) व्यावसायिक अनुभवः

- कम्तिमा ५ वर्ष ग्रामीण क्षेत्रमा सामुदायिक विकास, वाश व्यवस्थापन सम्बन्धि योजना तर्जुमा र व्यवस्थापन, स्थानीय सरकार/विकास सांझेदार अन्तर्गत न्यूनतम ३ वर्ष खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रका गतिविधिहरूमा कार्य अनुभव भएको

ग) अन्य सीपहरुः

- सामाजिक परिचालन र तालिम सहजीकरण सम्बन्धि सीपहरूमा उत्कृष्ट
- अंग्रेजी र नेपाली भाषा लेखन र बोलाईमा राम्रो दखल सहित स्थानीय भाषामा राम्रो जानकारी भएको
- नेपाली र अंग्रेजीमा राम्रो प्रतिवेदन लेखन सीप भएको
- कम्प्युटर (वर्ड, एक्सेल, पावरपोइन्ट, इमेल, इन्टरनेट आदि) मा राम्रो ज्ञान र सीप भएको
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरू अन्तर्गत खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा कार्य गरेकोलाई विशेष ग्राह्यता दिइने छ ।

घ) दरखास्त दिने स्थानः सिमकोट गाउँ कार्यपालिकाको कार्यालय

ङ) दरखास्त दिने अन्तिम मितिः २०८३/०५/८ गते

च) आवेदन दस्तुरः रु. १००० (एक हजार मात्र), गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. ४१९०१००३०१०१०००३ मा जम्मा गरेको भौचर संलग्न राख्नु पर्नेछ वा यस गाउँपालिकाको राजस्व शाखामा सम्पर्क राख्नुहोला ।

छ) छनोटको किसिमः प्रारम्भिक योग्यताका क्रममा छोटो सूची प्रकाशन, लिखित तथा मौखिक परीक्षा र प्रयोगात्मक कम्प्युटर परीक्षण समेत गरिनेछ।

ज) आवेदन फारमका साथ संलग्न राख्नु पर्ने कागजातहरूः आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरूको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ।

  - नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
  - चारित्रिक तथा लब्धाङ्क प्रमाणपत्रको प्रमाण पत्रको प्रतिलिपि
  - कामसँग सम्बन्धित अनुभवका कागजातहरू
  - शैक्षिक योग्यताको लब्धाङ्क प्रमाण पत्र
  - वैयक्तिक विवरण (बायो डाटा), कामसँग सम्बन्धित तालिमका प्रमाणपत्रहरू

झ) परिक्षा सम्बन्धि पाठ्यक्रम र आवेदन फारम सिमकोट गाउँपालिकाको वेवसाइटबाट डाउनलोड गर्न सकिने छ ।

नि.प्रमुख प्रशासकीय अधिकृत